(स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बसवारिया गाउँपालिकाद्वारा प्रकाशित

# बसबरिया राजपत्र

खण्ड: १ बर्ष: ६ संख्या: ३३ मिति: २०७८।०३।१८

**भाग-१**

## बसवारिया गाउँपालिका

**भवानीपुर, सर्लाही**

**प्रदेश नं.२**

# बसबरिया गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

सभाबाट स्वीकृत मितिः२०७९/०३/१४ गते

**प्रस्तावनाः** मुलुक संघिय संरचनामा गई कर्मचारी समायोजन ऐन, २०७५ लागु भईसरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई बसबरिया गाउँपालिकामा कामकाज गर्न खटिएपश्चात साबिकको गाउँ सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेकाकर्मचारीहरुको समायोजननभएको कारण बसबरिया गाउँपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखि विज्ञापन र बढुवा नहुँदा गाउँ सेवाका कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी गाउँ सेवामा कार्यरतरहेका र अन्य स्थानीय तहबाट सरुवा भई गाउँपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बसबरिया गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"बसबरिया गाउँपालिका कर्मचारी समायोजन ऐन, २०७९"** रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको बसबरिया गाउँपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायवाट समायोजन नभई बसबरिया गाउँपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले बसबरिया गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको" वा "तोकिए वमोजिम"** भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"गाँउ सभा"** भन्नाले बसबरिया गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"स्थानीय सेवा"** भन्नाले गाउँपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **"गाउँपालिका"** भन्नाले बसबरिया गाउँपालिकालाईसम्झनु पर्छ ।

(ज) **"स्थानीय कानुन"** भन्नाले बसबरिया गाउँपालिकावाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

**३. गाउँ सेवाका कर्मचारी समायोजन गर्नेः** (१) साविकको स्थानीय निकाय बसबरिया गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई गाउँपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत गाउँपालिकामा कार्यरत स्थानिय सेवाका सबै कर्मचारीहरुलाई देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड ( तलब बृद्धी ) बृद्धी गरिनेछ ।

| क्र.सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | कनिष्ठ सहायक | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | बरिष्ठ सहायक | |
| ४. | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ५. | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौं | सहायक निर्देशक | |

| | | | | |
|---|---|---|---|---|
| ६. | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | उपनिर्देशक | |
| ७. | अधिकृतस्तर आठौ | अधिकृतस्तर नवौं | निर्देशक | |

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम न्यूनतम शैक्षिक योगियता नभएको तर सोही तहको स्थानिय पदमा ९ वर्ष वा सो भन्दा बढी अबधी पुरा भए एक तह बृद्धी गरिनेछ । एक तह बृद्धी भए पश्च्चात बृद्धी भएको पदमा ९ वर्ष वा सो भन्दा बढी काम गरेकालाई एक तह पुन बृद्धी गरिनेछ ।

(३) उपदफा (१) र (२) मा तोकिएको मापदण्डमा नपर्ने र अविछिन्न रुपमा काम गर्नेहरुको हकमा २ ग्रेड थप गरिने छ ।

(४) उपदफा (१) बमोजिम तह बृद्धी गर्दा साविकको पदमा ५ वर्ष सम्म काम गरेमा कर्मचारीलाई कुनै थप सुविधा प्रदान गरिने छैन, तर साविकको पदमा ५ वर्ष भन्दा काम गरेका कर्मचारीको हकमा भने ५ वर्ष देखि ७ वर्ष देखि ९ वर्ष सम्मको लागि थप दुई ग्रेड र ९ वर्ष देखि माथी ३ ग्रेड थप सुविधा दिई सोही अनूरुप जेष्टता समेत कायम गरिने छ ।

(५) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(६) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(७) यस दफा वमोजिम महानगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(८) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुलेसमायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान रसुबिधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिईसमायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

४. **समायोजनको पत्र दिने:** (१) यस ऐन वमोजिम समायोजन भएपश्चात गाउँपालिकाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतलेसमायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ ।

**५. <u>पदस्थापन गरिने</u> :**(१) दफा ३ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्रचात पदास्थापन गर्नु अघि स्वत : पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थनपन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२)दफा ३ बमोजिम समायोजन तह मिलान भएका महानगरपालिका अन्तर्गत रहेका स्थानिय सेवाका कर्मचारीहरुलाई समायोजन पश्रचात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकिय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. <u>समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा:</u>**यस ऐन वमोजिम समायोजन भएका कर्मचारीहरुको तलब तथा अन्यसुविधा स्थानीय कानुनले तोकेवमोजिम हुनेछ ।

**७.<u>पुल दरवन्दी सम्वन्धी व्यवस्था:</u>** दफा ३ वमोजिम समायोजन भएका महानगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत: पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरीसमायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्बको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

**८.<u>जेष्ठताको गणना:</u> (१)** यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

**९.<u>समिति</u>** :दफा ३ बमोजिमको समायोजन तह मिलनका लागि आवश्यक प्रशासनिक कार्यसम्पादन गर्न तथा समायोजन/वढुवा सिफारिसको निमित देहाय बमोजिमको समिति रहनेछ । सो समितिको सिफारिसलाई आधारमानी

प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान ( बढुवा ) को पत्र दिने छ ।

प्रमुख प्रशासकिय अधिकृत, बसबरिया गाउँपालिका - संयोजक
प्रमुख प्रशासकिय अधिकृतले तोकेको बसबरिया गाउँपालिकाको अधिकृत - सदस्य
प्रशासन प्रमुख, बसबरिया गाउँपालिका - सदस्य सचिव

१०. स्थायी पदपुर्ति सम्बन्धी विशेष व्यवस्था

(१) साविकका स्थानीय निकाय र बसबरिया गाउँपालिकाको स्वीकृत दरबन्दीको अधिकृतस्तर छैठौ तह, सहायक स्तर पाँचौ र चौथो तहमा करार सेवामा काम गरी यो ऐन प्रारम्भ हुँदाका वखत सम्म अविछिन्न रुपमा सोही पदमा कार्यरत कर्मचारीहरु वीच मात्र सोही पदमा छुट्टै आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा संचालन गरी एकपटकको लागी स्थायी पदपूर्ति गर्न सकिनेछ ।

(२) श्रेणी विहिन पदमा स्थायी रुपमा लगातार ८ वर्ष कार्यरत कर्मचारीहरुलाईसहायक स्तर चौथो तह (पद) बृद्धी गरिनेछ । तर साविकको पदमा ५ वर्ष भन्दा काम गरेका कर्मचारीको हकमा भने ५ वर्ष देखि ७ वर्ष देखि ९ वर्ष सम्मको लागि थप दुई ग्रेड र ९ वर्ष देखि माथी ३ ग्रेड थप सुविधा दिई सोही अनूरुप जेष्टता समेत कायम गरिने छ ।

११ स्थानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी मापडण्डमा उल्लेखित कानुनी व्यपस्था सँग यो ऐनको व्यवस्था बाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ ।

१२. **आवश्यक व्यवस्था मिलाउनेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

**समायोजन पत्र**

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| | |

पत्र सख्या :

चलानी नं.: मिति :

श्री ...........................................

...........................................

कर्मचारी संकेत नं.

**विषयः समायोजन गरिएको सम्वन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ र बसबरियागाउँपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम ................................ देखि जेष्ठता गणना हुने गरी तपाईलाई बसबरिया गाउँपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

**समायोजन हुनु भएकोमा बधाई छ ।**

| | |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

............................

प्रमुख प्रशासकिय अधिकृत

**<u>वोधार्थ :</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं.२, जनकपुरधाम ।
श्री प्रदेश लोकसेवा आयोग, जलेश्वर, महोत्तरी ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाडौँ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौँ ।
श्री प्रशासन शाखा, बसबरिया गाउँपालिका ।
श्री आर्थिक प्रशासन शाखा, बसबरिया गाउँपालिका ।

आज्ञाले,

नाम  राम प्रकाश राय

नि. प्रमुख प्रशासकीय अधिकृत